REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 07.02.2025

## PM Darjeeling

केन्द्र सरकारले राष्ट्रिय मार्ग 17 मा नयाँ पुलको निर्माणका लागि एघार सय नब्बे करोड़ रूपियाँ आबंटित गरेको छ।

यो, दार्जीलिङ कालेबुङ, सिक्किम, सिलगड़ी र डुवर्स क्षेत्रबीच महत्वपूर्ण सम्पर्कको माध्यमा कोरोनेशन पुलको अतिरिक्त हुनेछ।

दार्जीलिङका लोकसभा सदस्य श्री राजु विष्टको कार्यालयद्वारा आज जारी प्रेस विज्ञप्तीमा यस्तो आशयको जानकारी दिइएको छ।

उहाँले दुइ हजार उन्नाइस सय सालमा दार्जीलिङका विधायकको रूपमा निर्वाचित भएदेखि यता क्षेत्रको पूर्वाधार र विकास सम्वन्धी समस्याहरूको समाधानका लागि अथक रूपमा कार्य गरिएको बताउनु भएको छ।

यो सम्पर्क सड़कसितै कूल परियोजना छ दशमलउ पचासी किलोमिटर लामो हुनेछ र यसले सिभकलाई एलेनबारीसित जोड़नेछ।

## BSI Valedictory

भारतीय वनस्पति सर्वेक्षण सिक्किम हिमाली क्षेत्रीय केन्द्र गान्तोक र राज्यको वन तथा पर्यावरण विभागको तत्वावधानमा गान्तोकमा आयोजित वनस्पति विज्ञान शब्दावली पाठ्यक्रम आज सम्पन्न भयो।

पञ्जीकृत शोधकर्ता, शिक्षाविद्हरू र अन्य सम्वन्धित व्यक्तिहरूका लागि उद्विदहरूको नामकरण सम्बन्धी नियमहरूबारे जानकारी दिन पाँच दिवसीय कार्यक्रमको आयोजना गरिएको थियो।

सिक्किमलाई अद्वितीय वनस्पति र जीवजन्तुका लागि चिनिन्छ र यहाँ पाइने धेरै विरूवा तथा जड़ीबुटीहरूबाट जीवनरक्षण औषधिहरू तयार पार्न सकिन्छ।

कार्यक्रममा प्राप्त आफ्नो अनुभव साझा गर्दै एकजना सहभागी ..।

पाठ्यक्रममा विश्वप्रसिद्ध उद्विद शब्दावली विशेषज्ञ हार्बड विश्वविद्यालयका डा. कान्चि नटराजन गान्धीले अन्तर्राष्ट्रिय शब्दावली संहिताको नयाँ संस्करणबारे प्रकाश पार्नुभयो।

यसमा प्राप्त आफ्नो अनुभव साझा गर्दै एकजना सहभागी ...।

Road Safety Rally

राष्ट्रिय सड़क सुरक्षा महीनाको अवसरमा सड़क सुरक्षाबारे मानिसहरूमा जागरूकता ल्याउन गान्तोकमा आज मोटर बाइक र्याली(Rally) आयोजित गरियो।

गान्तोकका जिल्लाधीश तुषार निखरेले SNT परिसरबाट र्यालीको शुभारम्भ गर्नुभयो।

यसमा सिक्किमभरिका विभिन्न क्लब, चालक बोर्डका सदस्यहरू र वेष्ट पोइन्ट अनि टाशी नाम्गेल उच्चतर माध्यमिक विद्यालयका विद्यार्थीहरू गरी जम्मा पच्चीसजना (बाइस यात्रीहरू) बाइकहरू सहभागी बने।

अस्पताल डाँडाबाट शुरू भएको र्याली लालबजार हुँदै एम जी मार्ग स्थित पर्यटन सूचना केन्द्रमा पुगेर रोकियो।

एम जी मार्गमा आयोजित कार्यक्रममा वक्ताहरूले सड़क सुरक्षाको महत्व सड़क दुर्घटना रोकथामका उपायहरू र जागरूकता बढ़ाउने सम्बन्धमा जानकारी दिए।

पछि यो र्याली मनन केन्द्रमा पुगेर टुङ्गियो।

## Road Safety workshop

यसैवीच र्याली समाप्त भएपछि सड़क सुरक्षा तथा ट्राफिक नियममाथि म नन केन्द्रमा आयोजना गरिएको कार्यशालालाई सम्बोधन गर्दै जिल्लाधीश श्री तुषार निखरेले विद्यार्थीहरूलाई ट्राफिक नियमहरू पालन गर्ने परामर्श दिनुभयो। उहाँले उद्यमीतालाई गम्भीर रूपमा लिन प्रोत्साहित पनि गर्नुभयो।

यसमा वहानका दस्तावेजहरू सही राख्ने सल्लाह दिँदै चालकहरूलाई लामो दूरीको परिचालनमा दुर्घटना हुन नदिनका लागि प्रत्येक दुइघण्टामा दस मिनट विश्राम लिने सुझाउ दिइयो।

Training Organic Farming

भारतीय कृषि अनुसन्धान परिषद ICAR, सिक्किम केन्द्रले बिहार सरकारको कृषि प्रौद्योगिकी प्रबन्धन एजेन्सी नवादासित मिले जैविक खेती प्राकृतिक खेती तथा एकीकृत जैविक खेती प्रणालीमाथि पाँच दिने लामो प्रशिक्षण कार्यक्रम आयोजित गर्यो।

हिजो सम्पन्न भएको कार्यक्रमको उद्देश्य बिहारको नवादा जिल्लाका अठाइसजना प्रगतिशील कृषकहरूलाई जैविक उपादन तकनिकका नवीनतम प्रगतिबारे अवगत गराइयो।

समापन कार्यक्रममा बोल्दै आईसिएआर सिक्किम केन्द्रमका प्रभारी डा. रामगोपाल देवदासले जैविक उत्पादन प्रौद्योगिकीको प्रबर्द्धनमा प्रशिक्षण कार्यक्रमको सम्दर्भिता प्रकाश पार्नुभयो र भन्नुभयो कुषकहरू जैविक खेतीको अभ्यास बढ़ाउने दिशातर्फ यो कार्यक्रम, एउटा पहल हो जो दिगो कृषि र पर्यावरण संरक्षणका लागि आवश्यक छ।

-

## Governor

राज्यपाल ओमप्रकाश माथुर आज पाँच माइल तादोङ स्थित सरस्वती जोल्मा मन्दिरमा आयोजित देवी भागवत पुराण महाज्ञान यज्ञको समापन अनुष्ठानमा मुख्य अतिथिको रूपमा उपस्थित रहनुभयो। उहाँले मन्दिरको दर्शन सँगै पूजा अर्चना गर्नुभयो।

श्री माथुरले श्रीमद देवी भागवत पुराणमा परिक्रमा गरेर पुर्णाहुति दिनुभयो र श्रध्यालुहरूसित आरतीमा भाग लिनुभयो।

## Athletics meet

नशामुक्त भारत नशामुक्त सिक्कम नशामुक्त पाकिम र बेटी बचाओ बेटी पढओ योजना जिल्ला एथलेटिक्स मीट आयोजित भयो।

यसमा पाकिम जिल्लाका तीन महकुमाहरूबाट विभिन्न वर्गका प्रतियोगिताका जम्मा एक सय अठात्तर जना खेलाड़ीहरूले भाग लिए।

जिल्ला एथलेटिक्स संघ पाकिमले जिल्ला प्रशासनिक केन्द्र र अन्य दुइवटा संगठनहरूसित मिलेर यसको आयोजना गरेको थियो।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान चौध दशमलु पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान आठ डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि न्यूनतम तापमान सात डिग्री सेल्सियस रहने अनुमान गरेको छ।